page_7kpr.qxd 5/18/2008 11:31 PM Page 1

बाबुराम 'नयाँ पुष्पलाल' ?

विश्वदीप पाण्डे

केही सातायता माओवादी वरिष्ठ नेता बाबुराम भट्टराईबारे सञ्चारमाध्यममा सकारात्मक/नकारात्मक विविध खालका टिकाटिप्पणी भइरहेका छन् । लोकतान्त्रिक गणतन्त्रको नारा बुलन्द पारेबापत कुनै बेला पार्टीभित्र कारबाहीमा परेका नेता भट्टराईको पक्षमा जनलहर पार्टीभित्र र बाहिर व्यापक रूपमा बढ्दै गएको छ । इतिहासले आज भट्टराईको 'लोकतान्त्रिक गणतन्त्र'को अडान अन्ततः सही साबित गरिदिएको छ । उहाँले उठाएको लोकतान्त्रिक गणतन्त्रको नारा आज माओवादी पार्टीको मात्र होइन, सारा नेपाली जनताको साझा नारा बनेको छ । विडम्बना, लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन गर्न/गराउन जसले अग्रपंक्तिमा रहेर सबैभन्दा महत्त्वपूर्ण भूमिका खेल्यो, उसैलाई आज पार्टीभित्र र बाहिरका अवसरवादी र प्रतिगामी तत्त्वहरूले पर्दाभित्र बसेर गणतन्त्रविरोधी भनेर साबित गर्न गोयबल्स शैलीमा असफल अराजनीतिक कुचेष्टा गरिरहेका छन् । यसलाई भट्टराईले कति गम्भीर रूपमा लिनुभएको छ भन्ने आम जनचासोको विषय बनेको छ । उहाँले प्रतिवाद गर्नुको सट्टा मौन किन बस्नुभएको होला, उहाँका शुभचिन्तकहरूको गुनासो छ ।

कसैले राजा ज्ञानेन्द्र र कट्टर दरबारियाहरूले 'संघीय लोकतान्त्रिक गणतन्त्र'को वकालत गरे भनेर हल्ला गर्छ र त्यसलाई कसैले पत्याउँछ भने त्योभन्दा ठूलो राजनीतिक विडम्बना के हुनसक्छ ? त्यस्तै कट्टर गणतन्त्रवादी नेता जसले सधैं लोकतान्त्रिक गणतन्त्र स्थापनानिम्ति कडा संघर्ष गर्नुपऱ्यो, उसैले 'सांस्कृतिक राजा'को वकालत गऱ्यो भनेर हौवा पिट्दै कोही हिँड्छ भने प्रस्ट छ, भट्टराईले होइन, हौवा पिट्नेहरू 'सांस्कृतिक राजा' चाहन्छन् । उहाँको क्रान्तिकारी छविमा आँच पुऱ्याएर आफ्नो स्वार्थ पूर्ति गर्ने अवसरवादी प्रवृत्तिको राम्रोसँग संकेत गर्छ, यसखालका प्रवृत्तिले । अनि सत्य-तथ्य नबुझी ती हौवाको पछि लाग्नेहरूलाई के इतिहासले माफ गर्ला ? कतै भट्टराईलाई 'नयाँ पुष्पलाल' त बनाउन खोजिएको छैन, बेलैमा क्रान्तिकारी जनता र कार्यकर्ता सजग रहनु आवश्यक छ ।

त्यस्तै कतिपयले जानेर या नजानेर पार्टीमा दोस्रो हुने दौडमा बाबुराम भनेर 'कु-प्रचार' गर्न खोज्दैछन् । उहाँको व्यक्तित्व, स्तर, क्षमता, बौद्धिकता, त्याग कसैसामु छिपेको छैन । उहाँको जीवन खुला किताबसरह छ । अनि किन हामी भट्टराईको त्यागलाई गिज्याउने कोसिस गर्दैछौं ? किन हामी हाम्रो दरिद्रपनलाई उदांगो पार्नतिर उद्यत छौं ? नेपाली क्रान्ति र जनयुद्धमा सबै नेता/कार्यकर्ताले उत्तिकै त्याग, बलिदान गरेका छौं, बौद्धिकतामा पनि उत्तिकै विकास गरेका छौं । क्रान्तिलाई यो उचाइमा पुऱ्याउन हामी सबैको बराबरी मिहेनत होला । तर माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता भट्टराईको एउटा कुशल नेतृत्वमा हुनुपर्ने क्षमता, व्यक्तित्व, बौद्धिकता र त्याग हामी छुन सक्दैनौं ।

त्यस्तै उहाँलाई 'भारतपरस्त' भनेर अर्को आरोप लगाउने गरिएको छ । यो आफैंमा पाखण्ड र आफूमा रहेको अक्षमता र हीनताबोधको अभिव्यक्ति हो । कोही भारत बसेर पढ्यो भन्दैमा उसलाई भारतपरस्त भन्न मिल्छ ? कहाँको राजनीतिक नैतिकता हो यो ? यो आरोप राजनीतिक पूर्वाग्रह सिवाय अरू केही हुनै सक्दैन । उहाँको बौद्धिकता र क्षमतासँग प्रतिस्पर्धा गर्न नसक्नेहरूले डाह, जलन र ईर्ष्याका कारणले पनि यो आरोप लगाउने गरेका छन् । यो आरोप प्रमाणसहित पुष्टि गर्न हामी चुनौती दिन चाहन्छौं । उहाँको राजनीतिक छवि र उनको बढ्दो लोकप्रियताबाट अत्तालिएका 'बेइमान क्रान्तिकारी'हरूद्वारा अरूलाई झूटो आरोप लगाएर आफूलाई बढी क्रान्तिकारी देखाउन जनतालाई छरिएको भ्रमसिवाय यो अरू केही हुनै सक्दैन ।

राष्ट्रियता र राष्ट्रिय एकताको पक्षमा वैचारिक र व्यावहारिक रूपले स्पष्ट दृष्टि भएको व्यक्ति उहाँ हुनुहुन्छ । मोहनविक्रमले 'गद्दार पुष्पलाल' भन्ने पुस्तक लेख्ने सन्दर्भमा पनि पुष्पललालाई 'भारतपरस्त' र 'कांग्रेसपरस्त' भनेर आरोप लगाएका थिए । उनको त्यो आरोप र विरोध इतिहासले गलत थियो भन्ने पुष्टि गरिसकेको छ । त्यसकारण राजनीतिक रूपले वैचारिक प्रतिस्पर्धा गर्न नसक्नेहरूले यो वा ऊ परस्त, दलाल र गद्दार भनेर आफूलाई सही साबित गर्न प्रयत्न गरे पनि इतिहासले स्वयम् उनीहरूलाई गलत साबित गरिदिएको इतिहास प्रस्टै छ । त्यस्तै 'नयाँ मोहनविक्रम'हरू नेता भट्टराईलाई 'नयाँ गद्दार पुष्पलाल' बनाउने व्यापक तयारीमा छन् । त्यसकारण कुनै व्यक्तिलाई कतिपय सन्दर्भमा कसले के भन्छ/भन्दैन भन्ने प्रश्न प्रधान होइन, उसले के गर्छ/गर्दैन भन्ने प्रश्नका आधारमा उसको मूल्यांकन गरिनुपर्छ ।

भट्टराईले अहिलेसम्म गरेका कामहरूको आधारमा भारतपरस्त भनेर पुष्टि गर्नसक्ने प्रमाण कसैसित छैन र कसैले पुष्टि पनि गर्न सक्दैन किनकि झूटोको प्रमाण हुने सक्दैन । निरंकुश तानाशाही पञ्चायती व्यवस्था र राजतन्त्र अन्त्यका लागि नेपाली कांग्रेससँग कार्यगत एकता गर्नुपर्छ भनेकै कारणले मोहनविक्रमले पुष्पलाललाई 'गद्दार' भनेका थिए । अहिलेसम्म पुष्पलालको विचारले समग्र राजनीतिक आन्दोलनको नेतृत्व गरेको कुरा ०४६ सालको आन्दोलन र १२- बुँदे समझदारीदेखि अहिलेसम्मका राजनीतिक घटनाक्रमले पुष्टि भएको छ । पछिल्लो चरणमा नेपालमा सामन्तवाद र राजतन्त्रको अन्त्य गरेर संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने कार्यनीतिको अग्रणी नेता डा बाबुराम भट्टराई नै भएको स्पष्ट छ ।

मोहन विक्रमले पुष्पलाललाई 'भारतपरस्त' र 'कांग्रेसपरस्त' भन्ने आरोप लगाएका थिए । 'नयाँ मोहनविक्रम'हरू नेता भट्टराईलाई 'नयाँ गद्दार पुष्पलाल' बनाउने व्यापक तयारीमा छन् ।

१२- बुँदे समझदारी र अहिलेसम्मको कार्यनीतिको सफल प्रयोग गर्ने एकजना प्रमुख व्यक्तित्वको रूपमा पनि उहाँको नाम आउँछ । राजतन्त्र अन्त्य गर्न र गणतन्त्र ल्याउन विभिन्न राजनीतिक पार्टीसाथै विदेशी शक्तिकेन्द्रहरूबीच कुशलतापूर्वक वैचारिक सहमति कायम गर्न महत्त्वपूर्ण जिम्मेवारी उहाँले निर्वाह गरेको जगजाहेर छ । त्यसैकारणले उहाँको वैचारिक र कूटनीतिक कुशलतासामु पराजित मानसिकताबाट ग्रसित व्यक्तिहरूले उहाँलाई यो वा ऊ भनेर चरित्रहत्या गर्ने प्रयत्न गरेका छन् । त्यसैले सबै सच्चा क्रान्तिकारीहरूले यस्ता 'नक्कली क्रान्तिकारी'हरूको षडयन्त्रलाई बेनकाब गर्न सकिएन भने उहाँको मात्र होइन, सिङ्गो माओवादी आन्दोलन र जनयुद्धकै अपमान हुनेछ ।

भट्टराईजस्ता नेता क्रान्तिकारी आन्दोलनमा पाउनु ठूलो कुरा हो । उहाँको सम्मान र उहाँका विचार संरक्षण गर्नुको सट्टा पर्दाभित्र बसेर उहाँको बदनाम गर्नुले के क्रान्ति सम्पन्न गर्न सकिएला त ? यस्तो बाँदरे प्रवृत्ति किन ? एकपटक सम्बन्धित सबैले व्यक्तिगत स्वार्थ र पदलोलुपतामा नपरी सिङ्गो क्रान्ति र जनताको बलिदान सम्झिएर गम्भीर भएर सोच्ने हो भने सत्यतथ्यको बोध हुनेछ ।

लेखक, नेकपा (माओवादी) सँग सम्बद्ध छन् ।
bishwadeep.pandey@yahoo.com

किरात चाड आयो

सावित्रा राई

वैशाखे पूर्णिमाको दिन किरातीहरूले उँभौली पर्व मनाउँदैछन् । उँभौली पर्वको पृष्ठभूमि वर्षा सुरु हुने र बालीनाली लगाउने बेला भएकाले समयमा पानी परोस्, अन्नबाली राम्रो उत्पादन होस्, पशुपक्षी मनुष्य सबैको रक्षा होस् भनेर पूजा गरिन्छ । यस समयमा तराईमा गर्मी बढ्न थाल्छ, तराईबाट माछा चिसो पानी पहिल्याउँदै कोशीको उँभो (माथि) लेकतिर लाग्छन्, चरा पनि उँभो लाग्छन् । यसै समयलाई इंगित गर्दै मेरो छ्यामा (सानीमा) सधैं भन्नुहुन्छ- दबैबुड्डा बाटा, आटान्यौ राइच्यो (चाम्लिङ भाषा- गुराँस फूल फुल्यो, घर जाऊ है राईहरू) गुराँस फुलेपछि खेतीपातीको सिजन सुरु हुने भएकाले घरतिर लाग्ने अर्थमा बुझ्न सकिन्छ ।

उँधौलीको सन्दर्भ उँभो गएका चराचुरुङ्गी, जीवजन्तु चिसो छल्न तातोको खोजीमा अनुकूल हावापानी खोज्दै उँधो (तल) झर्छन् । मंसिरे पूर्णिमा उँधौली पर्व पर्छ । सरकारले ०६४ देखि उँभौली-उँधौली (वैशाखे पूर्णिमा, मंसिरे पूर्णिमा) दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको छ । उँधौलीको समयमा बालीनाली उकेरेर केही फुर्सदमा हुन्छन् । अन्नबालीको लागि पूजा गर्नु, भूमिपूजा गर्नु आदिले किरातहरू प्रकृतिसँग गहिरो सम्बन्ध राख्छन् भनेर बुझ्न सकिन्छ । अहिले कृषिसाथै अन्य विभिन्न पेसामा छरिएर रहे पनि किरातहरू प्रकृतिसँगको नाता मरेपछि पनि टुटाउँदैनन् । यो उनीहरूको संस्कार र संस्कृति हो । मरेपछि माटोमा गाड्ने चलन छ, मृत शव माटो बन्छ, त्यही माटोमा रूखबिरुवा उम्रिरहेको हुन्छ (मेरो हजुरआमाको शव गाडिएको ठाउँमा अहिले रूखबिरुवा उम्रिएका छन्, ठूलदिदीको चिहानमा बाह्रमासे र चुवाको फूल फुलिरहेको भेटिन्छ) । हामी धर्तीमा जन्मन्छौं, धर्ती नै खनीखोस्री जीविका चलाउँछौं, म्हाचिपा, खल्टपा फिलाखाटा (सल्ला र सालको रूख जुझ्दा, भलायोको रूख स्लिप खायो, चिप्लियो भनेको) । भाषाकै कुरा गर्ने हो भने नेपाली र अंग्रेजी भाषाको तुलनामा हामीले मातृभाषालाई कम प्राथमिकता दिनुपरेको छ । सल्ला र सालको झगडामा भलायोलाई असर पारेको भएन त ? सानोमा मलाई चाम्लिङ भाषामात्र आउँथ्यो । स्कुल गएपछि नेपाली सिक्न मैले कम्ता दुःख गरेको छु र ? नेपाली भाषा सिक्न जति दुःख गरें, अंग्रेजी सिक्न पनि त्यति नै गरें । तर मलाई नेपाली फररर आउँछ, अंग्रेजी ट्वाक्कटुक्क मात्र । परिणाम के भयो भने मैले आफ्नै मातृभाषाचाहिँ अशुद्ध उच्चारण गर्ने, फटाफट बोल्न नसक्ने, कतिपय शब्द बिर्सने आदि समस्या देखिएको छ ।

पहिरनको कुरा गर्दा मेरो हजुरआमाको पुस्तासम्मले मात्रै छिटको फरिया लगाउनुभयो । मेरो आमा पुस्तामा इन्डोनेसिया र सिंगापुरका लुङ्गीले 'छिटको गुन्यू' विस्थापन गरिसकेको छ भने मेरो पुस्ताले छिटको गुन्यू देख्न साकेला पूजै आउनुपर्छ । कपास छर्ने, टिप्ने, रुवो बनाउने, धागो बनाउने, कपडा बुन्ने अन्त्यमा छिट लगाउन पठाउने गर्नु लामो प्रोसेस लाग्छ । व्यावसायिकता भएन । त्यसैले सक्कली छिटको फरिया लोप भयो । छिटको गुन्यू-चोलो र पटुकी किरात राई महिलाका जातीय पहिरन हो । गहनाको के कुरा गर्नु । महँगा धातु र सुनका गहना पैसा हुनेले लाउने न हुन् । त्यसैले गहनापट्टि खासै मेरो ध्यान जाँदैन । तथापि राई महिलाको जातीय गहनामा चेप्टे सुन (कानमा लाउने), कल्ली (हातखुट्टामा लाउने), दुङ्गी, मुन्द्री, बुलाकी आदि पर्छन् ।

मैले यहाँ महिलाको पहिरन र आभूषणको मात्रै बखान गरें । किनभने मिडियादेखि हाम्रै जातिको पुरुष वर्गले पनि महिलाको पहिरनलाई महत्त्व दिन्छन् । मिडियाले बढीजसो युवती र उनको पहिरनको फोकस गर्छन् । विभिन्न जातजातिको संस्कार र संस्कृति देखाउन खोजेका हुन् कि त्यस जातिको महिला मोडल खोजेका हुन्, मैले बुझेकी छैन । हाम्रै दाजुभाइ कस्ता छन् भने एकजना दाइबारे म तपाईंलाई बताइहालूँ- मैले गुन्यू-चोलो नलगाई गएको बेला सबै जातीय पहिरन लगाएका महिलालाई देखाएर उहाँले व्यंग्य कस्नुभयो । उहाँ आफूचाहिँ कमिज, पाइन्ट र ज्याकेट लगाइरहनुभएको थियो । खासमा किराती पहिरन दौरा, सुरुवाल लगाउनुपर्ने हो नि । म किन छुच्ची बनुँ भनेर त्यो बेला चुप लागें । अस्ति भर्खरमात्रै उहाँले महसुस गर्नुभयो । दिदीबहिनीले आफ्नो जातीय पहिरन लगाउँदा मख्ख पर्छौं, आफूचाहिँ लगाउँदैनौं भन्दै हुनुहुन्थ्यो । अर्को कुरा जातीय पहिरन लगाउँदा दोहोरी हिँडेको ? जस्ता छेडखानीबाट हाम्रा दिदीबहिनी सताइएका छन् ।

जे होस्, अहिले किरात चाडको बेला हो । राई, लिम्बु, सुनुवार र याक्खाले यो चाड मान्ने गर्छन् । पूजाविधि केही फरक भए पनि किरात धर्म सारमा उस्तै हुन्छ । किरात राईहरूको कुरा गर्नुपर्दा माझकिरात र पल्लोकिरातमात्रै होइन, जहाँ-जहाँ किरात राईहरू पुगेका छन्, ती ठाउँहरूमा साकेला पूजा हुने गर्छ । चन्द्रकुमार हतुवालीले 'साकेन्वा' पुस्तकमा डा प्रपन्नाचार्यलाई उद्धृत गर्दै 'साकेला, सबै बूढाबूढी, अधबैंसे, तरुना-तन्नेरी र बिजुवा-बिजुवानी सबैले मुन्धुम गाउँदै कोम्बी अर्थात् सानो खुपिले अदुवा अथवा नपाएको खण्डमा कचुरको चाना हान्दै, काट्दै, नाच्दै खुसी मनाउने परम्परा हो' लेखेका छन् । चाम्लिङले साकेला, बान्तवा र पुमाले साकेन्वा, सुनुवारले ष्याँदर आदि भन्ने गर्छन् । साकेलासिली गोलाकार भएर ढोलझ्याम्टाको तालसँगै नियमपूर्वक नाच्ने, गाउने गरिन्छ ।

कृषिमा जीवन निर्वाह हुन नसकेपछि खाडी मुलुक जान, लाहुरे हुन किरातीहरू बाध्य छन् । उँभौलीको अवसरमा त्यतातिर पनि सोच्ने कि ?

अन्त्यमा त्यही माटोमा बिलाउँछौं । यो किरातहरूको जीवनदर्शन हो, धर्म हो ।

किरातहरू धर्मभीरु नहुनुका कारणमा उनीहरू प्रकृतिको नजिक हुनु पनि हो । गाईवस्तु फस्टाओस्, अन्नबाली सप्रियोस्, दुःखबिमार नहोस्, मनोकांक्षा पूरा होस् भनेर देवताको पूजा गर्छन् । माग पूरा भए पनि ठीक, नभए पनि ठीक । सायद त्यहाँभन्दा उनीहरूको कुनै सपना छैन, त्यसैले त माग पनि गर्दैनन् । हामी अलिक आदिम भयौं कि ? अहिलेको समयमा उन्नत वीउविजन देऊ, सिंचाइको सुविधा देऊ भनेर सरकारसँग नाराजुलुस पनि गर्न सकिन्छ । कृषिमा जीवन निर्वाह हुन नसकेपछि खाडी मुलुक जान, लाहुरे हुन किरातीहरू बाध्य छन् । उँभौलीको अवसरमा त्यतातिर पनि सोच्ने कि ? तर मूलकुरो उँभौली हाम्रो संस्कृति हो, त्यसैलाई जीवन्त राख्नु नै हाम्रो पहिलो कर्तव्य हुन जान्छ ।

सारमा पृथ्वी हाम्रो घर हो । हामीले भन्दैमा पानी पर्दैन । यो हाम्रो वशभन्दा बाहिरको कुरा हो । प्रकृतिलाई जोगाएर फेरि उनैसँग पानी माग्नु सायद हाम्रो नियति हो । त्यसैले प्रकृतिको पूजा गर्नु पृथ्वीवासीको कर्तव्य हो । प्रकृतिले आँटेमा एक सेकेन्डमा मानवजाति लोप हुनसक्छ । दुःखको कुरा हामी यहाँ कुटोकोदालो चलाएर खेतीपाती गर्दैछौं, प्रकृतिको पूजा गरिरहेका छौं । उता ठूला भनिएका राष्ट्रहरू विकास गर्ने नाममा हानिकारक ग्यास उत्पादन गरेर वायुमण्डलमा पठाइरहेका छन्, वातावरण विनाश गर्दैछन् र त्यसबाट आइलाग्ने विपत्तिको भागिदार हामीलाई बनाउँदैछन् ।

जतिसुकै ठूला कुरा गरे पनि हाम्रो भाषा, संस्कृति, रहनसहन, पहिरन सबै विश्वव्यापीकरणको चेपुवामा पिसिँदैछ । आदिवासी/जनजाति पनि संसारमा भइरहेका परिवर्तनप्रति अछुतो छैन । चाम्लिङ राई नेपाली भाषामा एउटा भनाइ छ- आँमा डो छिमा

भुटानमा भारतीय प्रधानमन्त्री

उपेन्द्र पोखरेल

रातो कार्पेटमा अघि बढ्दै गरेका भारतीय प्रधानमन्त्री र खाली भुइँमा उनलाई पछ्याइरहेका भुटानी राजा अनि पछि-पछि सुरक्षाकर्मी र भ्रमणदलका सदस्य । तस्वीर हेर्दा लाग्छ, डेढ दशकपछिको भारतीय प्रधानमन्त्रीको भ्रमणमा भुटानले सम्मानका लागि कुनै कसर बाँकी राखेन । एक लाख बढी नागरिकलाई शरणार्थी र त्यति नै संख्याका नागरिकलाई मताधिकारबाट वञ्चित बनाएर रचिएको संसदलाई विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक देशका कार्यकारी प्रमुख मनमोहन सिंहले भावविभोर भएर भने- '(पहिलो विदेशी नेताको रूपमा) संसदलाई सम्बोधन गर्न पाउनु मेरोलागि धेरै ठूलो सम्मान हो ।'

प्रधानमन्त्री सिंह त्यस्तो सम्मानलायक नभएका पक्कै होइनन् । बरु कुनै कसर बाँकी नछोडिएको भुटानी सम्मानबाट सिंहको अन्तरआत्मा प्रफुल्लित भयो, जिब्रो लट्टियो अनि नक्कली (प्रजातन्त्र) देख्ने नसक्नेगरी यी ज्ञानका भण्डार र उनको अन्तरआत्मा अन्धा भएको अनुमान गर्न सकिन्छ ।

१७ वर्षअघि अपराधीको दाग लगाएर घरबारबाट लखेटिएका भुटानी नागरिकहरू (जो पूर्वी नेपालका शिविरमा शरणार्थी जीवन बिताइरहेका छन्) डा सिंहको दुई दिने भुटान भ्रमणबाट आफ्नोलागि केही नहुनेमा स्पष्ट थिए । तैपनि तिनका राजनीतिक र अधिकारवादी संगठनहरूले भ्रमणको पूर्वसन्ध्यामा गिड्गिडाउन छोडेनन्- 'हाम्रालागि पनि विचार गरिदिनुहोला ।' शरणार्थीहरूको पूर्वानुमान सही ठहरियो । घर हिँडेका शरणार्थीलाई मेची पुलमा रोकेर चुट्ने कूटनीति जो भारतले अपनाउँदै आएको छ । त्यसै भएर पनि सिंहले भुटानको जातीय संहार नीति पटक्कै देखेनन् । र ती संगठनको गिड्गिडाहट पनि सुनेनन् । त्यस देशका नागरिकमाथि शासकीय अत्याचार थाहा पाएनन् । देश बाहिर र भित्रै पनि नरकजस्तो जीवन बिताइरहेका मानिसप्रतिको मानवीय समवेदना उनको आँखा अगाडि आउन सकेन ।

घर हिँडेका शरणार्थीलाई मेची पुलमा रोकेर चुट्ने कूटनीति जो भारतले अपनाउँदै आएको छ । त्यसै भएर पनि सिंहले भुटानको जातीय संहार नीति पटक्कै देखेनन् ।

सिंहले ठूलो लोकतन्त्रको हैसियतले त्यही 'प्रजातन्त्र'लाई अनुमोदन गरिदिए । जुन बहुसंख्यक नागरिकलाई राजाले गद्दी सम्हाल्दा तत्कालीन भारतीय राजधानी कोलकाता लगेर तोपको सलामी चढाइने र नयाँ राजालाई अनुमोदन गराइने परम्परा थियो भन्ने सुनिन्छ । अहिले आफैं थिम्पु पुगेका सिंहले एक सय करोड भारतीय रुपैयाँको सलामी चढाएर त्यहाँको नयाँ व्यवस्थाको अनुमोदन गरिदिए ।

सन् २०२० सम्ममा भुटानमा १० हजार मेगावाट विद्युत उत्पादनको घोषणालाई पारो विमानस्थलमा आफ्ना समकक्षी जिग्मे वाई थिन्लेको स्वागत, थिम्पुसम्मको कडा सुरक्षासाथ कारगेड, निवर्तमान र वर्तमान राजाहरूसँगको भलाकुसारी, संसदलाई सम्बोधन, थिम्पु दरबारको 'टोस्ट प्रस्ताव'भन्दा एक महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । ६ सय मेगावाटका चुखा जलविद्युत परियोजनाका पहिलो, दोस्रो र भर्खरै चालू तेस्रो आयोजना शतप्रतिशत भारतीय लगानीमा बनेका हुन् । उक्त परियोजना शुक्रबार भुटानलाई हस्तान्तरण गरेको घोषणा सिंहले गरे । स्वदेश फर्कने क्रममा शनिबार हेलिकप्टरबाट आएर दक्षिणी भुटानको परियोजनाको स्थलगत निरीक्षणसमेत गरे । साथमा कुल १ हजार ९५ मेगावाट क्षमताका कुरिछु र पुनाछु जलविद्युत परियोजनासमेत सिंहले भ्रमणक्रममै शिलान्यास गरेका छन् । कुरिछु परियोजना पूर्वी भुटानको मोंगर जिल्लामा र मध्य भुटानको पुनाखा जिल्लामा पुनाछु जलविद्युत परियोजना शतप्रतिशत भारतीय लगानीमै कार्यान्वयन गरिँदैछ । सन् २०२० सम्ममा तयार गरिने भनिएको १० हजार मेगावाट पनि शतप्रतिशत भारतीय लगानीमै बनाइने बुझिएको छ । त्यसको ७५ प्रतिशत भारतले र २५ प्रतिशत भुटानले उपभोग गर्नेछन् । विद्युतमा लगानी र खरिद-बिक्री दुई देशबीचको सहमति हुने गरेको छ ।

सिंहले भुटान भ्रमणमा आफ्ना सुरक्षा सल्लाहकार एमके नारायणनलाई साथमा लगेका थिए । त्यसो त भारतीय सैन्य तालिम समूह (इम्ट्राट) को नाममा यसअघि भारतले १४ वटा शिविरमा आफ्ना सेना तैनाथ राखेको छ । भारतका लागि सामरिक दृष्टिले महत्त्वपूर्ण भुटानमा सुरक्षा सल्लाहकारलाई भ्रमणमा लैजानुलाई अनौठो नलागे पनि भुटानमा बढ्दै गरेका सशस्त्र समूहहरू र तिनका गतिविधिप्रतिको चिन्ता र चासोको रूपमा बुझ्न भने सकिन्छ ।

उपनिर्वाचन क्षेत्र रोजाइ

चित्रांग थापा

निर्वाचन आयोगले दुई क्षेत्रबाट जित्ने उम्मेदवारलाई एउटा क्षेत्र छाड्न निर्देशन दिइसकेको छ । अब तीन सातामा हुने उपनिर्वाचनका लागि सुदूर पश्चिममा जम्मा एउटा क्षेत्र परेको छ । डँडेलधुरा र कञ्चनपुर- ४ मध्ये एक । दुवै क्षेत्रमा विजयी भएका नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाले एउटा क्षेत्र छाड्दा कुन छाड्लान् भन्ने चर्चाको विषय बनेको छ ।

देउवाले डँडेलधुराबाट चौथोपटक जितेका हुन् भने कञ्चनपुरमा उनको उम्मेदवारी पहिलोपल्ट परेको थियो । कांग्रेसका लागि सबभन्दा सुरक्षित मानिएको कञ्चनपुर- ४ बाट पनि उठेर उनले संविधानसभामा आफ्नो उपस्थिति अनिवार्य भएको देखाउन खोजेका थिए ।

जित्न त देउवाले दुवैबाट जिते, तर झीनो मतान्तरले । यो मतान्तर देउवाका लागि शोभनीय होइन । माओवादीका लगभग अपरिचित तन्नेरी उम्मेदवारहरूले उनलाई निकै असिनपसिन पारेका हुन् ।

यसअघि भारी मतले विजयी हुने देउवा यसपटक डँडेलधुरामा ५४ हजार मतमध्ये २० हजार ५ सय ६५ ल्याउनसके, प्रतिद्वन्द्वी माओवादीका खगराज भट्टभन्दा १ हजार ३ सय ६८ मतमात्र बढी । यसैगरी कञ्चनपुरमा पनि माओवादीका हरिश ठकुल्लासँग उनको मतान्तर १ हजार १ सय थियो ।

०४८ को आमनिर्वाचनमा सुदूर पश्चिमका १९ मध्ये १८ वटासम्म कांग्रेसलाई जिताएको श्रेय लिँदै उनी राष्ट्रिय राजनीतिमा उदाएका थिए । तत्काल गृहमन्त्री भए अनि त्यसपछि पटक-पटक प्रधानमन्त्रीमात्र बनेनन्, विभाजित पार्टीको सभापतिसमेत भए । एकीकरणपछि अहिले सभापति गिरिजाप्रसाद कोइरालापछि दोस्रो रोलक्रमका (कार्यवाहक सभापतिभन्दा माथि) 'वरिष्ठ नेता' भएका छन् ।

अविवाहित उम्मेदवारका रूपमा पहिलोपल्ट प्रतिनिधिसभा सदस्य बनेका अधबैंसे देउवाले गृहमन्त्रीका रूपमा आरजु राणालाई श्रीमतीका रूपमा भित्र्याएका के थिए, विकास कार्यक्रममा आर्थिक सहायता जुटाउन अन्तर्राष्ट्रिय पहुँच भएकी सुपठित श्रीमतीलाई पार्टी प्रवेश पनि गराए । यस पटकको निर्वाचनमा समानुपातिक उम्मेदवार बनाएर उनले श्रीमतीलाई पनि संविधान सभासदमा मनोनयन गराए ।

देउवाका लागि पछिल्लो निर्वाचन भने निकै कठिन भयो, उनलाई व्यक्तिगत रूपमा मात्र होइन, सुदूर पश्चिममा कांग्रेसकै लागि पनि । यसपटक दुई सिट बढेको सुदूर पश्चिमबाट उनीबाहेक जम्मा एकजना कांग्रेसी उम्मेदवारले जिते, बाजुराका देवराज जोशीले ।

गृह जिल्ला डँडेलधुराको सम्मान गर्ने हो भने भने उनले कञ्चनपुर- ४ छाड्नु ठाउँमा उनको मुख्य प्रतिस्पर्धा माओवादीसँगै रह्यो । दुवै ठाउँको नतिजा पनि लगभग सँगसँगै सार्वजनिक भयो । रातभरि कञ्चनपुरका कांग्रेसी डँडेलधुराको नतिजा सोध्दै थिए भने डँडेलधुराका कार्यकर्ता कञ्चनपुरको ।

डँडेलधुरा मतगणनामा धाँधली भएको आरोपमा उनका प्रतिद्वन्द्वीहरू संविधानसभा अदालत पुगेका छन् । छिनोफानो भइसकेको छैन । उसो त डँडेलधुरा कांग्रेसका कार्यकर्ता स्वीकार नगरी अदालत पुगेको बताउँछन् । डँडेलधुरामा देउवापछि उपचुनावमा उम्मेदवार हुनसक्ने क्षमताको पार्टी पंक्तिभित्र प्रस्ट उम्मेदवार देखिएका छैनन् । पार्टी जिल्ला समितिमा जेजति छन्, उनीहरूको पनि तत्काल पजनी गर्नुपर्ने चुनाव नतिजा सार्वजनिक भएपछि देउवा भेट्न गाउँगाउँबाट आएका मतदाताले माग गरेका थिए । यस्तो अवस्थामा आफ्नो परम्परागत निर्वाचन क्षेत्र छाड्नु देउवाकै लागि राजनीतिक जोखिम हुनसक्छ ।

डँडेलधुराका कांग्रेसी पनि देउवालाई अन्यत्रभन्दा डँडेलधुरै सुरक्षित रहेको सुझाउँदै आएको बताउँछन् । कञ्चनपुरमा भने उपचुनावका लागि प्रतिस्पर्धा गर्नसक्ने उम्मेदवारहरू छन् । कञ्चनपुर- ४ मा उनको उम्मेदवारी तय हुनुअघि मन्त्री रमेश लेखक, महाकालीपारि दोधाराका मानबहादुर सुनार र वारिका यज्ञराज जोशीबीच होडबाजी थियो । कञ्चनपुरका अन्य तीन स्थानमा माओवादी विजयी भएको अवस्थामा देउवाको सट्टा अरू कोही भएको भए यो सिट पनि माओवादीकै पोल्टामा पर्ने सम्भावना थियो ।

निर्णायक मतदाता रहेको महाकालीपारिका दुई गाविस दोधारा र चाँदनीका मानबहादुर, वीरबहादुर सुनार र बेलबहादुर रानामध्ये उपयुक्त उम्मेदवार हुन सक्छन् । वीरबहादुर र मानबहादुरले समानुपातिकमा पर्ने ठूलो आशा राखेका थिए । मन्त्री लेखक भने समानुपातिकबाट छनोटमा परिसकेकाले महाकालीवारिबाट दाबी गर्नेमा यज्ञराज जोशी बाँकी देखिनेछन् ।

यसअघि ३ निर्वाचन क्षेत्र रहेको यस जिल्लामा यसपटक एउटा क्षेत्र थपिएको हो । यहाँ नगरपालिकाका १५ वडा र महाकालीपारिका दुई गाविस दोधारा र चाँदनीका ६० हजार मतदाता छन् । यस क्षेत्रमा वीरबहादुर र मानबहादुर दुवै महाकालीपारिका गाविस तह र कांग्रेसको महासमिति सदस्यसम्म भएका छन् । ०५१ मा विद्रोही उम्मेदवार बनेका मानबहादुर पछिल्ला वर्षमा कांग्रेसको संस्थापनसँगै आबद्ध भएका हुन् । जोशी र मानबहादुर दुवै कांग्रेस विभाजनका बखत संस्थापन पक्षमा थिए भने वीरबहादुर र बेलबहादुर देउवा पक्षमा । जोशी कांग्रेसका महाधिवेशन प्रतिनिधि हुन् । उनी महेन्द्रनगरका मेयर भएका थिए । कांग्रेस विभाजनका बेला संस्थापन पक्षका जिल्ला सभापति थिए ।

देउवाले छोडेको स्थानमा उनको सक्रिय उपस्थितिविना कांग्रेसको जित सजिलो हुने छैन । कांग्रेस औपचारिक रूपमा एक भए पनि विभाजनको धडधडी अझै यहाँ पनि छ । कार्यकर्ताहरूको एकमन भइसकेको देखिँदैन । अर्कातिर माओवादीले चुनावमा गरेका वाचा र कबुलका परिणाम देखापर्ने अवस्था अझै भएको छैन ।

उपचुनावमा उम्मेदवार हुनसक्ने क्षमताको पार्टी पंक्तिभित्र प्रस्ट उम्मेदवार देखिएका छैनन् । यस्तो अवस्थामा आफ्नो परम्परागत निर्वाचन क्षेत्र छाड्नु देउवाकै लागि राजनीतिक जोखिम हुनसक्छ ।

कञ्चनपुर डायरी